जि.का.सप्तरी द.नं. ३(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.नि.ह.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक ६ २०८१ साल भदौं ९ गते आइतवार (25 Aug 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** मोटरसाइकल चालकको मृत्यु प्रकरणमा ... **पृष्ठ ३ मा :** हामीकहाँ कसरी खान्दानी ... **पृष्ठ ५ मा :** संयुक्त बजार अनुगमन टोलीद्वारा ... **पृष्ठ ५ मा :** तालिबानद्वारा महिलालाई ...

## दुई मोटरसाइकल ठोक्किदा एकको मृत्यु, मोटरसाइकल सवार तीनजना घाइते फरार

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ५ कोशी बाँध सडकखण्डमा शनिवार दुइ वटा मोटरसाइकल एक आपसमा ठोक्किदा एकजनाको घटनास्थलमै मृत्यु भएको छ । उक्त दुर्घटनामा अर्को मोटरसाइकलमा सवार तीन जना घाइते भने फरार भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार बिहान साढे ११ बजेतिर भारदहबाट हनुमाननगर तर्फ आईरहेको स२प ७२९६ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउदै गरेको को३४प ५४५९ नम्बरको मोटरसाइकल कोशी बाँध सडकखण्डमा एक आपसमा ठोक्किएको हो ।

प्रहरी प्रवक्ता डिएसपी दुण्डीराज नेउपानेले दुर्घटनामा स२प ७२९६ नम्बरको मोटरसाइकल चालक राजबरिाज नगरपालिका वडा नं. १५ निवासी ५२ वर्षिय बिनोद कुमार साहको घटनास्थलमै मृत्यु भएको बताए ।

प्रत्यक्षदर्शीहरुका अनुसार अर्को मोटरसाइकलमा सवार तीनै जना समान्य घाइते देखिएका थिए । दुर्घटना लगत्तै सोही सडकखण्डमा आउदै गरेको सिटी रिक्शा चढेर उपचारका लागि त्यहाँबाट करिब डेढ किलो मिटर टाढा रहेको भारदह अस्पताल जान्छु भन्दै उनीहरु हिडेको थिए । तर, उनीहरु अस्पताल नपुगी फरार भएका छन् ।

यता प्रहरीले तीनै जना अस्पतालमा नभेटिएपछि आसपासका निजी स्वास्थ्य क्लिनीकहरुमा खोज्दा समेत उनीहरु कतै फेला नपरेको जनाएको छ । उनीहरु पक्राउ पर्ने डरले मोटरसाइकल घटनास्थलमै छाडी भागेर अन्यत्रै उपचारका लागि पुगेको हुन सक्ने अनुमान सहित खोजी कार्य भई रहेको प्रहरीको भनाई छ ।

दुर्घटनामा परेका दुवै मोटरसाइकल प्रहरी नियन्त्रणमा छ । दुर्घटनामा मृत्यु भएका साहको शव पोष्टमार्टमका लागि अस्पताल पुर्‍याई घटनावारे थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## कक्षा कोठामै पुस्तकको सिरानी बनाएर सुतेको शिक्षकको तस्बिर सामाजिक संजालमा भाइरल



तस्बिर : सामाजिक संजाल

**राजबिराज**/सप्तरीको एक बिद्यालयको अनुगमनका क्रममा शिक्षक कक्षा कोठामै पुस्तकको सिरानी बनाएर सुतेको अवस्थामा भेटिएपछि सामाजिक संजालमा शिक्षण संस्थाप्रति टिकाटिप्पणी भएको छ ।

जनता आधारभुत बिद्यालय सिम्राहा सिगियोनमा बिद्यालय अनुगमनका क्रममा जिल्लाको बिष्णुपुर गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादव, शिक्षा समिति सदस्य तथा वडा न १ का अध्यक्ष बलराम यादव, शिक्षा संयोजक रामेन्द्रनाथ यादव समेतको टोलीले अनुगमनका क्रममा सो दृश्य देखेपछि सामाजिक संजालमै फोटो पोष्ट गरेर शिक्षा र बिद्यालयको अवस्था बारे चित्रण गरेका थिए ।

गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवले सामाजिक संजालमा शिक्षक कक्षा कोठामा सुतिरहेको तस्बिर पोष्ट गर्दै लेखेका छन्, "बिहानको ११.३० बजे जनता आधारभूत विधालय सिम्राहा सिगियोनमा छडके गर्दा शिक्षक लाल बहादुर यादव र कार्यालय सहयोगी रघुनाथ यादव कक्षा कोठामै बिधार्थी पढ्ने र शिक्षक पढाउने किताब सिरानी बनाई सुतिरहेका थिए ।" सो तस्बिर सामाजिक संजालमा भाइरल भएपछि बिभिन्न टिकाटिप्पणी सुरु भएको हो ।

त्यस्तै ११ बजेको समयमा पालिका अन्तर्गतका जनता मावि खुरहुरियामा अनुगमन गर्दा केहि शिक्षक शिक्षिका अनुपस्थित रहेको र आधारभूत बिधालय मुसहर्नियामा पनि शिक्षक, शिक्षिकाहरु अनुपस्थित रहेको सोही पोष्टमा उल्लेख गरिएको छ ।

गुणस्तरीय शिक्षाको कुरा

*बाँकी पाँच पृष्ठमा*

## सडक निर्माणको माग गर्दै सडकमै धर्ना



**राजबिराज**/सडक निर्माणको माग गर्दै छिन्नमस्ता गाउँपालिका अध्यक्षसहित जनप्रतिनिधिहरु सडकमै धर्ना बसेका छन् ।

राजबिराज-छिन्नमस्ता सडक खण्डको मर्मत कार्य यथासिघ्र सम्पन्न गर्न माग गर्दै बुधबार उनीहरु धर्नामा बसेका हुन् ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ६ कोचाबखारी सडक खण्डमा बिहान १० बजेदेखी १२ बजेसम्म बीच सडकमै उनीहरु

*बाँकी पाँच पृष्ठमा*

सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी

## सम्पादकीय

### प्रकृति संरक्षणका लागि रुख रोपौं

एकातिर घामको राप, अर्कोतिर जमिनको र त्यसमाथि तातो हावा । उकुसमुकुस छ, जनजीवन गर्मीले अस्तव्यस्त छ अहिले । त्यसो त ग्लोबल वार्मिङ्गको असरले वर्षेनी मौसमी तापमान बढ्दै छ । यसको तीब्र प्रभाव तराई मधेश एवं शहरी क्षेत्रमा महसुस हुन्छ । ग्लोबल वार्मिङ्गले कसरी असर गरिरहेको छ भन्ने कुरा हामीले भोगिरहेका छौं ।

भोलिको दिनमा यो अवस्था थप चर्को बन्नेमा दुईमत छैन । ग्लोबल वार्मिङ्गले मौसमी चक्रलाई नै प्रभावित बनाइरहेको छ । यसले अन्न बालीदेखि अरु प्राकृतिक कुरालाई पनि असन्तुलित बनाउँदै लगेको छ । हाम्रा सन्ततिको भविष्य कति भयावह बन्ने छ भन्ने कुरामा हामी अब पनि सतर्क हुन सकेनौं भने परिस्थिति हामी भन्दा बाहिर जान बेर लाग्ने छैन । एकातिर कलकारखाना, गाडी, विद्युतिय उपकरणको बढ्दो प्रयोग, अर्को तर्फ बनजंगल एवं प्राकृतिक सम्पदाको विनाश नै ग्लोबल वार्मिङ्गको कारण बनिरहेको छ ।

ग्लोबल वार्मिङ्गको बढ्दो प्रभावबाट बच्न वा यसलाई नियन्त्रण गर्ने हाम्रो नै दायित्व हो । हामीले गर्ने साना तिना गल्ती पनि ग्लोबल वार्मिङ्गको कारण बनिरहेको छ । यस्ता कुराहरुमा संयमता अपनाएर तथा नियन्त्रण गरेर ग्लोबल वार्मिङ्गलाई केही हदसम्म नियन्त्रण गर्न सहयोग पुग्छ । तसर्थ प्रत्येक व्यक्तिले आजैदेखी आफ्नो घर वरिपरि एक वटा रुख रोपौं र त्यसलाई संरक्षण गर्ने काममा समेत सक्रियता बढाउनु आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# मोटरसाइकल चालकको मृत्यु प्रकरणमा हनुमानगर बजार क्षेत्र तनावग्रस्त

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ५ योगिनीयामा बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु प्रकरणमा शुक्रबार बिहानैदेखी हनुमानगर बजार क्षेत्र तनावग्रस्त बनेको छ ।

बिहीबार साँझ भारदह-राजविराज सडक खण्डको जोगिनीयामा बिराटनगरबाट राजविराजतर्फ आउँदै गरेको को.३०प. ८१०९ नम्बरको मोटरसाईकललाई सोही दिशाबाट आउदै गरेको को.१ख. ४०४६ नम्बरको एसके डिलक्स नामक यात्रु बाहक बसले पछाडीबाट ठक्कर दिएको थियो ।

ठक्करबाट मोटरसाईकल चालक हनुमाननगर कंकालिनी नगरपालिका ७ का १७ वर्षिय ध्रुव मण्डल टाउको र शरीरको विभिन्न भागमा चोट लागेर गम्भिर घाईते भएका थिए । घाइते मण्डललाई प्रहरीले तत्कालै उपचारका लागी राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पताल ल्याउदा चिकित्सकले मृत घोषणा गरेको थियो ।



प्रहरीले गाडी र चालक राजविराज नगरपालिका ८ निवासी रमेश कुमार राउतलाई नियन्त्रणमा लिएको छ । चालकमाथी सवारी ज्यान मुद्दा अन्तर्गत कारवाही हुने प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बसले मोटरसाइकल चालक मण्डललाई ठक्कर दिएपछी तत्कालै अस्पताल पुऱ्याईएकोमा चिकित्सकले मृत घोषित गरेको बताए ।

सो घटनापछी आक्रोशित आफन्तजन र स्थानीयवासीयले विहीवारै साँझ इलाका प्रहरी कार्यालय अगाडी टायर बालेर प्रर्दशन गरेका थिए । सोही प्रर्दशनलाई शुक्रबार पनि निरन्तरता दिँदै स्थानीयले विहानैदेखी बजार क्षेत्रमा टायर बालेर प्रर्दशन गर्दै चक्काजाम तथा बजार बन्द गराएका छन ।

प्रहरीले भने मण्डलको घटनास्थलमा मृत्यु नभएको र गम्भिर अवस्थामा रहेका उनलाई पहिला उपचारस्थलमा पुऱ्याई बचाउनु पर्ने भएकोले अस्पताल लगिएको दाबी गरेको छ ।

यता तनाव बढ्दै गएपछी ठूलो संख्यामा नेपाल र सशस्त्र प्रहरी परिचालन गरिएको तथा प्रर्दशनकारीलाई सम्झ्याई बुझाई वार्ताको माध्यमबाट समाधानको प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैबीच बन्दको नाममा प्रर्दशनकारीले एक एम्बुलेन्सबाट गर्भवती महिलालाई ओराली तोडफोडका साथै चालकमामाथी आक्रमण गरी घाइते बनाएका छन् । सोको बिरोधमा सदरमुकाम राजविराजमा एम्बुलेन्स चालकहरु पनि आन्दोलित भएका छन । राजविराज-हनुमाननगर सडक खण्डको जिल्ला स्वास्थ्य कार्यालय अगाडी बीच सडक मै एम्बुलेन्सहरु तेस्याएर चक्काजाम गर्दै एम्बुलेन्स चालकहरुले प्रर्दशन गरेका थिए ।

एम्बुलेन्स चालक संघ सप्तरीका अध्यक्ष सुदिलाल साहका अनुसार प्रर्दशनकारीले जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.द्वारा संचालित एम्बुलेन्समा ढुगामुढा गरी तोडफोड गर्नुका साथै चालक महिनारायण यादवमाथी कुटपीट गरेका छन ।

*बाँकी पाँच पृष्ठमा*

# चार बुँदे सहमति पश्चात् अनशन तोडाइयो

**धनुषाधाम**/मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले चार बुँदे सहमति पश्चात् हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहालाई जोड्ने कमला नदीमा नयाँ कमला पुल निर्माणको माग गर्दै चार दिनदेखि आमरण अनशनरत युबाहरुको अनशन तोडाएका छन् ।

हुलाकी सडकमा नयाँ कमला पुल निर्माण सङ्घर्ष समितिका संयोजक प्रविणकुमार यादव र मधेस प्रदेश सरकारका मुख्यमन्त्रीबीच कमला नदीमा नयाँ पुल निर्माण तत्काल सुरु गर्ने सहमतिपत्रमा हस्ताक्षर भएको हो ।

नयाँ पुल निर्माणका लागि आब २०८२/०८३ को बार्षिक बजेट सङ्घ सरकारबाट राख्न पहल नगरेमा सम्पूर्ण बजेट मधेस प्रदेश सरकारले व्यहोर्ने, २०८१ मङ्सिर १ गतेभित्रमा पुल निर्माणको डिपिआर तयारीका लागि बोलपत्र आह्वान गर्ने सहमति भएको छ ।

नयाँ कमला पुल निर्माण सङ्घर्ष समिति सिरहा र धनुषाको सङ्घर्षका सम्पूर्ण कार्यक्रम शुक्रबारकै मितिबाट स्थगित गरिने पनि सहमतिपत्रमा उल्लेख छ ।

गत भदौ ४ गतेदेखि सङ्घर्ष समितिको संयोजक यादवको नेतृत्वमा १० जना आमरण अनशनमा बसेका थिए । अनशनमा सिरहा पुस्तकालयका कार्यवाहक अध्यक्ष भोगेन्द्र यादव, सिरहा नगरपालिका-६ का अध्यक्ष इन्द्रजीत यादव, ४ का अध्यक्ष मोहम्मद समशाद आलम, औरही गाउँपालिका-४ का वडाअध्यक्ष सुरेन्द्रकुमार यादव, स्थानीय युवा मनिषकुमार यादव, ईन्जिनियर शैलेन्द्र यादव, सिरहा नगरपालिका-८

*बाँकी पाँच पृष्ठमा*




अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी

# हामीकहाँ कसरी खान्दानी रोग बन्दै आयो भ्रष्टाचार ?

**अजय सुवेदी**

शाब्दिक अर्थमा 'भ्रष्टाचार'को अर्थ भ्रष्ट आचरण नै हो । आचरण भ्रष्ट भएपछि नै मान्छेले आफ्नो स्वार्थ अनुकूलको अनैतिक र अमर्यादित कार्य गर्ने हो ।

'सार्वजनिक सम्पत्ति, स्रोत-साधन र अख्तियारीलाई व्यक्तिगत फाइदाका लागि दुरुपयोग गर्ने कार्य नै भ्रष्टाचार हो' भनी विश्व बैङ्कले परिभाषित गरेको छ । भ्रष्टाचार सुशासनमाथिको संकट हो, अर्थ-व्यवस्थाका लागि एउटा क्यान्सर हो र सामाजिक तथा सांस्कृतिक मूल्य-मान्यतामा आउने विचलन हो ।

समकालीन विश्वमा स्रोत-साधनको अभावका कारण कतिपय गरिब मुलुकमा विकास नभएको होइन; भ्रष्टाचारले गाँजेका कारण ती देशमा विकास हुन नसकेको हो । विश्वका अन्य देशको तुलनामा हाल अफ्रिकी 'सब-सारहन मुलुकहरु' र दक्षिण एसियाको भू-खण्डमा भयावह गरिबी रहेको देखिन्छ । विश्व बैङ्कको सन् १९९० को प्रतिवेदनमा सुशासनको परिभाषा दिने क्रममा अफ्रिकी देशमा देखिएको शासनको सङ्कटले विकासको गति अवरुद्ध भएको उल्लेख गरेको थियो ।

भनिन्छ, समाजमा शून्यमा झार्न नसकिने दुई विषय छन्– हिंसा र भ्रष्टाचार, तर यिनीहरूको न्यूनीकरण सम्भव छ । शून्य सहनशीलताको नारा एउटा स्वर्गको परिकल्पना हो भनिन्छ ।

'ट्रान्परेन्सी इन्टरनेसनल'को सन् २०२३ को भ्रष्टाचार सूचकाङ्कसम्बन्धी प्रतिवेदनमा विश्वका १८० भन्दा बढी देशमा भ्रष्टाचारको अवस्था उल्लेख छ । सूचकाङ्कमा डेनमार्क ९० अंकका साथ सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक र ११ अंक प्राप्त गरी सोमालिया सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकका रूपमा सूचीकृत भएका छन् । सूचकांकमा १०० अंकले अति स्वच्छ र शून्य अंकले अति भ्रष्ट जनाउँछ भने ३५ भन्दा कम अंक ल्याउने मुलुकहरू गम्भीर भ्रष्टाचारको समस्यामा परेको मानिन्छ । नेपाल १८० राष्ट्रमध्ये ३५ स्कोरसहित १०८ स्थानमा रहेको सो प्रतिवेदनमा उल्लेख छ ।

दक्षिण एसियामा अफगानिस्थानपछि बढी गरिबी भएको मुलुकमा पर्छ, नेपाल । नेपालमा मानव विकास सूचकाङ्क पनि कमजोर छ । देशमा आर्थिक वृद्धि र विकासको गति निकै सुस्त छ । रोजगारीका अभावका कारण नागरिकको भरोसा राज्यप्रति घटिरहेको पाउन सकिन्छ । दिनहुँ १५ सय युवा आज रोजीरोटीका लागि बिदेसिनुपरेको छ ।

**भ्रष्टाचारको दुष्चक्र**

अन्तर्राष्ट्रिय राजनीतिमा अमेरिका बेलायती औपनिवेशक पन्जाबाट मुक्त हुँदै गर्दा नेपालमा पृथ्वीनारायण शाहले स-साना भुरे-टाकुरे राज्य मिलाएर नेपाल राज्यको शिलान्यास गर्दै थिए । दक्षिण एसियामा पहिलो सार्वभौम मुलुकको पहिचान बनाएको, कहिले पनि कसैको उपनिवेशमा नबसेको नेपाल आज विश्व मानभित्रमा भ्रष्टाचारको दलदलबाट मुक्त हुन सकेको छैन । दोस्रो विश्वयुद्धको समाप्तिपश्चात् स्वतन्त्रता प्राप्त गरेका कैयौं एसियाली तथा अफ्रिकी मुलुक अहिले विकासशील तथा मध्यम आय भएको मुलुकमा रूपान्तरित भइसकेका छन् । नेपाल अझै पनि अतिकम विकासशील राष्ट्रको सूचीमा छ ।

एकीकरणका क्रममै ( १८३१ सालमा) पृथ्वीनारायण शाहको निधन भएपछि राज्यको विस्तार कार्यलाई उनका उत्तराधिकारीले १८७२ सालसम्म निरन्तरता दिए । पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म फैलिएको नेपालले अङ्ग्रेजसँग युद्ध गर्दा केही भूभाग गुमाउनुपर्‍यो । सुगौलीसन्धिमार्फत मुलुकले कुल भूभागको एकतिहाइ भूभाग मात्र गुमाएन, राज्य विस्तारको क्रम रोक्नुपर्‍यो । ततपश्चात् राष्ट्र निर्माणका अन्य काम सुरु हुनुपर्थ्यो तर दरबारमा भारदारहरूबिच गुटबन्दी र आपसी खिचातानीले गर्दा त्यसो हुन सकेन । अन्ततः यस्तै राजनीतिक अस्थिरताका बिच १८९६ सालमा नेपालका पहिलो मुख्तियार भीमसेन थापाको दर्दनाक पतन हुन पुग्यो । १८९६ देखि १९०३ सालसम्म भारदारहरूको गुटबन्दी र राजाको अकर्मण्यताका कारण कोटको पटाङ्गिनीमा नरसंहार मच्चाएर जंगबहादुर राणाले जहानियाँ राणाशासनको सूत्रपात गरे ।

एकीकरणपश्चात्का ७५ वर्ष भौगोलिक सीमा विस्तार, बाह्य आक्रमणबाट मुलुकको रक्षा, सत्तापलटका अनेकौं हत्याकाण्डमा बिते । जंगबहादुर सत्तामा आए ( १९०३ साल)देखि राज्यको ढुकुटीको दुरुपयोग हुन थाल्यो । १९०७ सालतिर जंगबहादुरले करिब १५ महिना लगाएर फ्रान्स-बेलायतको भ्रमण गरे । त्यस बखत उनले वेश्यावृत्तिमा खर्च गरेको देखेर साम्राज्यवादी मुलुक बेलायतका सम्भ्रान्त वर्गले जिब्रो टोकेका थिए । यसबाट यो पुष्टि हुन्छ कि जंगबहादुरका पालामा निकै भ्रष्टाचार हुन्थ्यो । जङ्गबहादुरले जति राज्य दोहन गरे पनि विदेशी बैङ्कमा रकम राख्न प्रतिबन्ध लगाएका थिए, तर राणा प्रधानमन्त्री रणोदीपको हत्यापछि सत्तामा आएका वीरशमशेरले राज्यको रकम निजीकरण गरी विदेशी बैङ्कमा जम्मा गर्ने प्रचलनको सुरुवात गरे । यसले राज्य दोहन वा भ्रष्टाचारको दायरालाई निकै फराकिलो पारिदियो । राणाकालमा आर्थिक र सामाजिक रूपान्तरणका काम हुँदै भएनन् । केही दरबारहरू राणाहरूले व्यक्तिगत विलासिताका लागि बनाइएका थिए, तर २००७ सालको राजनीतिक परिवर्तनपश्चात् उक्त दरबारहरू अधिकांश राष्ट्रियकरण गरिए ।

नेपालमा राज्यको स्रोतमा कसरी शासकले बह्मलुट गर्छन् भन्ने तथ्य पहिलोपटक पेस गरेको बजेट वक्तव्यले देखाउँछ । २००८ माघ २१ गते तत्कालीन अर्थमन्त्री सुवर्णशमशेरले रेडियो नेपालबाट सार्वजनिक गरेको

बाँकी चार पृष्ठमा



अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी



अनुरोधकर्ता : बोदेबरसाइन नगरपालिका, सप्तरी

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

### *हामीकहाँ कसरी ...*

कुल ३३ करोडको बजेटमध्ये ६० प्रतिशतभन्दा बढी बजेट राजदरबारका लागि विनियोजन गरिएको थियो । राणाकालको अन्तसम्म कृषिमा आबद्ध जनसंख्या ९९ प्रतिशत थिए, अधिकांश कृषक गरिबीको रेखामुनि थिए ।

२००७ सालको परिवर्तनपश्चात् नेपालले बाह्य विश्वसँग साक्षात्कार गर्ने अवसर पायो । १०४ वर्षे जहानियाँ राणाशासनको पन्जाबाट निस्केपछि मुलुकमा केही रूपान्तरण हुन्छ भन्ने आशा आमजनतामा थियो । राजनीतिक दलहरूमा परिपक्वता नआएका कारण रूपान्तरणका कामले गति लिन सकेनन् । यद्यपि केन्द्रीय बैङ्कको प्रबन्ध, आवधिक योजनाको थालनी, त्रिभुवन विश्वविद्यालयको स्थापनाजस्ता महत्वपूर्ण काम यस तत्कालीन समयमा नभएका होइनन् । यद्यपि यी काम पर्याप्त थिएनन् ।

दलहरूको आन्तरिक खिचातानी तथा दरबारको शक्तिप्रतिको महत्वाकांक्षाका कारण २०१७ सालमा जननिर्वाचित बीपी कोइरालाको सरकारलाई राजा महेन्द्रले अपदस्थ गरी शिशु प्रजातन्त्रको हत्या गरिदिए । त्यसपछिको करिब ३० वर्षीय निर्दलीय पञ्चायती व्यवस्थामा भ्रष्टाचारका विभिन्न काण्ड घट्न पुगे । वरिष्ठ पत्रकार हरिबहादुर थापाले आफ्नो पुस्तक 'रजगज'मा गलैंचा काण्डको विषयमा उल्लेख गरेका छन् । उक्त काण्डमा डा. तुलसी गिरी समेत फस्न पुगेका थिए । पूर्वमन्त्री डा. भेषबहादुर थापाले लेखेको पुस्तक 'राष्ट्र-परराष्ट्र'मा तत्कालीन अधिराजकुमार ज्ञानेन्द्र शाह समेत संलग्न पानी जहाज काण्डको नालीबेली उल्लेख छ, यसले राजदरबारका अधिकारी समेत भ्रष्टाचारमा संलग्न रहेको तथ्य उजागर गर्छ ।

२०३६ सालमा बहुदल रोज्ने कि सुधारिएको पञ्चायती व्यवस्था रोज्ने भन्ने विषयमा भएको जनमत सङ्ग्रहमा पञ्चायतका पक्षमा नतिजा ल्याउन राज्यको ढुकुटी दुरुपयोग गर्ने प्रचलन सुरु भएको पूर्वसचिव उमेश मैनालीको पुस्तक 'नेपालको प्रशासनिक इतिहास'मा उल्लेख छ । उक्त जनमत सङ्ग्रहमा चुनावी खर्च जुटाउन राज्य पक्षको संलग्नतामा तराईको जङ्गल फँडानी गरिएको कुरा इतिहासकारले उल्लेख गरेका छन् ।

२०४६ सालमा बहुदल आयो तर भ्रष्टाचारको रोग निको हुन सकेन । २०४६ देखि २०६३ सम्म धमिजा काण्ड, लाउडा काण्ड, सुत्केरी औषधि काण्ड, साउथ वेस्ट काण्डजस्ता दर्जनौं भ्रष्टाचारका काण्ड सार्वजनिक भए ।

स्मरण रहोस् २०५७ सालमा तत्कालीन प्रमुख प्रतिपक्षी दलले लाउडा काण्डको विषयलाई लिएर ५७ दिनसम्म संसद अवरुद्ध गर्न पुगेको थियो । तर उक्त दलसहित बनेको नेकपाले गणतन्त्रकालमा करिब दुईतिहाइको एकमना सरकार चलाउँदा त्यस्तै खालका भ्रष्टाचार काण्डमा फस्न पुग्यो ।

२०६५ मा गणतन्त्रको घोषणापछि राजा राष्ट्रप्रमुख हुने स्थानमा जनताको छोरो राष्ट्रप्रमुख वा राष्ट्रपति हुने व्यवस्था आयो तर भ्रष्टाचार रोकिएन । सुडान घोटाला, वाइडबडी, न्यारो बडी, सुनकाण्ड, जस्तापाता काण्ड, बाखाकाण्ड बालुवाटार काण्ड, ललितानिवास काण्ड, सहकारी काण्डमा हाइप्रोफाइलहरू समेत मुछिन पुगे ।

नेपालको संविधान (२०७२) ले संघीय शासन प्रणालीमार्फत साबिक केन्द्र सरकारमा निहित रहेको राज्य शक्तिलाई सात प्रदेश र ७५३ स्थानीय तहमा विस्तार गर्‍यो । धेरै अधिकार प्रदेश र स्थानीय तहलाई दिइएको छ, तर सात वर्षको समीक्षा गर्दा भ्रष्टाचार र अनियमितता मात्र संस्थागत हुन पुगे । फलस्वरूप गाउँगाउँमा सिंहदरबार भन्ने नारा उल्टिएर सिंहदरबारको भ्रष्टाचार गाउँगाउँमा हुन पुगेको छ । भ्रष्टाचारका कारण क्षेत्रीय र स्थानीयस्तरमा नयाँ सम्भ्रान्त वर्गको उदय हुन पुगेको छ ।

**किन हुन्छ भ्रष्टाचार ?**

नेपालमा राजनीति व्यवस्था परिवर्तन छिटो छिटो भयो, राज्य दोहन गरी खाने शासक वर्गको मनोवृत्ति भने परिवर्तन भएन ।

हाल देशमा भ्रष्टाचार बढ्नुमा महँगो चुनावलाई नकार्न सकिँदैन । पछिल्ला वर्षमा चुनाव यति धेरै महँगो भयो कि नेताका लागि चुनावी खर्चको जोहो गर्न व्यापारी, माफिया र तस्करसँग समेत साँठगाँठ गर्नुपरेको सुन्नमा आउँछ । केही वर्षअगाडि एकजना शीर्ष दलका शीर्ष नेताले आफूले चुनाव जित्न दश करोड खर्च गरेको बताएका थिए ।

नेपालको सामाजिक तथा सांस्कृतिक परिवेशले भ्रष्टाचारलाई मलजल गरेको छ । समाजमा सम्पत्तिको स्वरूप हेरिन्छ, तर स्रोत खोजिँदैन । हुलाकको शाखा अधिकृतको समाजमा उत्रो इज्जत छैन, जति राजस्वको सुब्बाको छ । सार्वजनिक पदमा पुगेपछि सम्पत्ति कमाउनुपर्छ भन्ने सोच समाजमा व्याप्त छ । हाम्रा मृत्यु संस्कार, विवाह संस्कार धेरै महँगा भएका छन् । खानपानदेखि लवाइखवाइमा व्यापक परिवर्तन आएका देखिन्छन् । नेपाली समाजमा देखासिकीको संस्कार तेज गतिमा विकास हुन पुगेको छ ।

छोटो समयमा धेरै पैसा कमाई धनी हुनुपर्छ भन्ने मान्यताले जरो गाडेको छ । हामीले आफ्ना सन्ततिलाई असल संस्कार सिकाउन चुकिरहेका छौं । सदाचार, नैतिकता, निष्ठा र इमानदारिताको ठाउँ बेइमानी, स्वार्थीपन र भ्रष्टाचारले ओगट्न पुगेको देखिन्छ । समाजको प्रवृत्ति ढोंगी र पाखण्डी हुन पुगेको छ । राजनीतिक र प्रशासनिक क्षेत्रमा सदाचार र नैतिकता हात्तीको देखाउने दाँत हुन पुगेको छ ।

जानकारहरू भन्छन्- निरङ्कुश शासनप्रणालीमा भ्रष्टाचार लगायतका राज्य दोहनका कार्य हुने सम्भावना लोकतान्त्रिक शासन प्रणालीमा भन्दा अधिक हुन्छ, तर नेपालमा राणाकालभन्दा बढी पञ्चायतमा, पञ्चायतमा भन्दा बढी बहुदलमा र बहुदलकालमा भन्दा बढी गणतन्त्रमा भ्रष्टाचार भएको देखिन्छ ।

राणाशासनमा स्वतन्त्र न्यायालय, अख्तियार, महालेखा, राष्ट्रिय सतर्कता केन्द्र, विभिन्न न्यायाधीकरण लगायत कुनै संस्था थिएनन्, तर आज यी संस्था हुनु र नहुनुको कुनै अर्थ छैन ।

हामीकहाँ संस्थाहरूले संस्थागत रूप धारण गर्न सकेका छैनन् । जसकारण ठुलालाई उन्मुक्ति र सानालाई दण्डको अवस्था छ । त्यसैले त भन्ने गरिन्छ, ठुलालाई चैन सानालाई ऐन ।

पूर्वसचिव रामकुमार आचार्यले नेपालको भ्रष्टाचारको स्तर प्रणालीगत भएको र राजनीतिक दलहरूले भ्रष्टहरूलाई संरक्षण गर्ने नीतिले गर्दा यसको निवारण कठिन भएको ठहर गरेर पुस्तक लेखेका छन् । भ्रष्टाचार रोक्न आशावादी सोचसहित क्रमभंगताको तरिका अपनाउनुपर्ने उनको तर्क छ ।

भ्रष्टाचार वृद्धि हुनुमा व्यापक दण्डहीनताको संस्कृति मौलाउनु पनि हो । नेपालजस्तो अल्पविकसित मुलुकमा संस्थाहरू सम्भ्रान्त र टाठाबाठाका मुठीमा रहन्छन् । भ्रष्टाचारको कसुर 'ह्वाइट कलर क्राइम'मा पर्ने र यसमा सम्भ्रान्त वर्गका व्यक्तिको संलग्नता हुने गर्छ । उनीहरूले कानुनलाई नै हातमा लिएर स्वतः उन्मुक्ति पाउने गर्छन् । हामीकहाँ प्रभावशाली नेताहरूको भ्रष्टाचारको कसुर सञ्चारमाध्यममा छरपस्ट आउँदा समेत भ्रष्टाचार नियन्त्रणसम्बन्धी निकायले उनीहरूलाई कानुनी दायरामा ल्याउन सक्दैनन् । भ्रष्टाचारको प्रसङ्गमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त सूर्यनाथ उपाध्यायले कतै भनेका छन्, 'ठुलो अपराध गरेका कारण जेल जानुपर्छ भन्ने स्थापित गरेको खण्डमा भ्रष्टाचार घट्न सक्छ ।' हाम्रो समाजमा भ्रष्टाचार गरेर कमाउनुलाई अपराध मानिँदैन, बरु उसको सामाजिक इज्जत र प्रतिष्ठामा बढोत्तरी हुन्छ ।

अतः नेपालको इतिहासदेखि वर्तमानसम्मका शासन प्रणालीको कुरूप पक्ष भनेको नै भ्रष्टाचार हुन पुगेको छ । भ्रष्टाचार हुँदा सुशासनको अवस्था कमजोर हुन्छ । त्यस अवस्थामा नागरिकको राज्यप्रति भरोसा टुट्न पुग्छ । मुलुकमा आर्थिक र सामाजिक रूपान्तरणको पहलमा शिथिलता हुन पुग्छ । अन्ततः गरिबी, बेरोजगारी, न्यून आर्थिक वृद्धिका कारण मुलुक रुग्ण राज्यमा परिणत हुन सक्छ । हामीकहाँ भ्रष्टाचार नेपाल एकीकरण लगत्तैदेखि खान्दानी रोगको रूपमा स्थापित हुन पुगेको देखिन्छ । (लेखक भिमाद नगरपालिका तनहुँमा सातौं तहको अधिकृत छन् ।) रातोपाटीबाट






# संयुक्त बजार अनुगमन टोलीद्वारा अनुगमन, तीन व्यवसायीलाई कारवाही

**राजविराज**/संयुक्त बजार अनुगमन टोलीले विहीवार राजविराजका तीन व्यवसायीलाई कारवाही गरेको छ ।

राजविराज ७ स्थित हाटबजारका पसलहरुमा अनुगमन गर्दै खाद्य, चिसो पेय, श्रृंगार समाग्री, किराना लगातयका एक दर्जन भन्दा बढी पसलमा अनुगमन गरेको थियो ।

चाडपर्व नजिकिएका बेला बजारमा म्याद गुज्रेका, अखाद्य बस्तु बिक्री हुने गरेको तथा उपभोग्य समाग्रीको मनपरी मुल्य कायम गरिएको गुनासो बढेपछी सो अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा पसलमा रहेको सरसमानको भन्सार काटेको रसिद तथा आवश्यक विलविजक देखाउन नसकेको वालइमरान जेनरल स्टोर्सलाई अनुगमन टोली १० हजार रुपैया जरिवाना गरेको छ ।

यस्तै म्याद गुज्रेको समान फेला परेको आयुष किराना पसललाई ५ हजार रुपैया जरिवाना गरिएको टोलीका प्रमुख सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र प्रसाद यादवले बताए ।

यस्तै म्याद गुज्रेका करिब एक हजार मुल्य बराबरको चिसो पेय पर्दाथ गुणानन्द किराना पसलबाट जफत गरी नष्ट गरिएको छ ।

अनुगमनका क्रममा अधिकाँश पसलमा मुल्य तथा भाउमा एकरुपता नभएको, लेवल नभएको, क्रेतालाई विलविजक नदिएको लगायतका समस्या देखिएको राष्ट्रिय उपभोक्ता मञ्च मधेश प्रदेशका उपाध्यक्ष गुप्ताले बताए ।

सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र यादवको नेतृत्वको टोलीमा घरेलु तथा साना उधोग कार्यालयका प्रतिनीधी विरेन्द्र साह, उधोग बाणिज्य संघका प्रतिनीधी कमल प्रसाद साह, राष्ट्रिय उपभोक्ता मञ्च मधेश प्रदेशका उपाध्यक्ष राजकुमार गुप्ता, खाद्य निरीक्षक राजीव बुढाथोकी, प्रहरी निरीक्षक संतोष रसाईली, राजविराज भन्सार कार्यालयका अधिकृत सत्य नारायण सिह, करदाता सेवा कार्यालयका प्रतिनीधी डिल्ली रमण भण्डारी, खाद्य तथा गुणनियन्त्रण डिभिजन कार्यालयका प्रमुख विक्रम लिम्बु लगायत सहभागी थिए ।

अनुगमनबाट पसल दर्ता नगरी गैर कानुनीरुपमा संचालन गरिएका पसल, नबीकरण नगराएका पसल लगायतका पसलका संचालकहरुलाई कानुनी व्यवस्था अनुसार प्रक्रियामा आउन सचेत समेत गराइएको टोलीले जनाएको छ ।

अनुगमन टोली आएको सुँइको पाएपछी कतिपय व्यापारी पसल बन्द गरेर हिडेका थिए । टोलीले अनुगमन कार्यलाई निरन्तरता दिने जनाएको छ ।

### मोटरसाइकल चालकको ...

कुटपिटबाट घाईते भएका चालक यादबको स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा उपचार भइरहेको छ । कुटपिट र तोडफोडमा संलग्नहरुलाई अविलम्ब पक्राउ, घाइतेको उपचार व्यवस्था मिलाउन तथा एम्बुलेन्सलाई निर्वाद रुपमा संचालन गर्न पाउनु पर्ने माग एम्बुलेन्स चालक संघको रहेको छ ।

### चार बुँदे सहमति ...

का सदस्य ईन्जिनियर रुपेश यादव र ईन्जिनियर शिवशंकर यादब, औरही गाउँपालिका-३ का बडाध्यक्ष जीवछ यादब बसेका थिए ।

सङ्घीयतापश्चात् हाम्रो अभिभाबकत्व प्रदेश सरकारले स्वीकार्नुपर्छ भन्दै उनीहरु जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गेट अगाडि टेन्ट बनाएर अनशनमा बसेका थिए ।

### कक्षा कोठामै ...

गर्दा विभिन्न बहानाबाजी गरि अनुपस्थित रहने र केही राजनीतिक व्यक्तिहरुको आडमा आन्दोलनमै जाने प्रवृति शिक्षकहरुको रहेको गाउँपालिका अध्यक्ष उमेशकुमार यादबको प्रतिक्रिया छ ।

"म निर्वाचित भएपछि पालिकाको शिक्षामा सुधार ल्याउन पटक पटक अनुमगन तथा शिक्षकहरुलाई पढाईमा ध्यान दिन आग्रह गरेपनि उहाँहरु सुध्रिन नसकेकोमा दु:ख लागेको छ भन्दै उनले भने, "लाखौंको लगानी शिक्षामा गरेपनि शिक्षकहरुको यस्तो रवैयाले बालुवामा पानी हाले सरह भएको छ र विद्यार्थीको भविष्य अन्यौलग्रस्त बन्दैछ ।"

"शिक्षा यस्तो शक्तिशाली हतियार हो, जसको प्रयोगले संसार बदल्न सकिन्छ, नेपालमै पनि गुणस्तरिय शिक्षाको नारा विगत एक दशकदेखी घन्काइए पनि यस्तो अवस्थामा गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिन्छ" उनले सामाजिक संजाल मार्फत प्रश्न गरेका छन् ।

### सडक निर्माणको ...

धर्ना बसेका थिए ।

"छिन्नमस्ता मन्दिर सम्म जाने मूल सडकको विषयमा मेयरसँग संबाद कार्यक्रम"को आयोजना गरी दुई घण्टा बीच सडकमै धर्ना दिनुका साथै बहस समेत चलाइएको थियो ।

धर्नामा गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, पूर्वमन्त्री उमेशकुमार यादब, बडाअध्यक्ष, सबारीचालकका साथै भक्तजन र स्थानीयवासी समेत सहभागि थिए ।

मुलुककै प्रसिद्ध धार्मिकस्थलका रुपमा रहेको छिन्नमस्ता गाउँपालिकास्थित छिन्नमस्ता मन्दिर पुग्ने बाटो विगत दुई वर्षदेखी ठाउँ ठाउँमा भत्किएर लथालिङ छ । भारतीय दर्शानार्थीहरु समेत ठूलो संख्यामा आउने छिन्नमस्ता मन्दिरमा सदरमुकाम राजबिराजबाट जान पनि जीर्ण बाटोका कारण यात्रुले सास्ती खेप्नु परिहेको छ ।

गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले उक्त सडक मर्मतको माग गर्दै आफूहरु गत असार ३० गते सडक डिभिजन कार्यालय लहानमा धर्ना तथा काठमाडौं पुगेर मन्त्रीदेखी प्रधानमन्त्रीसम्मको ध्यानाकर्षण गराउँदा पनि आश्वासन बाहेक केही नपाइएको सुनाए ।

हिन्दुहरुको महान चाड वडा दशैं आउन झण्डै डेढ महिना बाँकी रहँदा समेत बाटो जीर्ण छन् । दशैंमा छिन्नमस्ता मन्दिरमा ठूलो भिड लाग्ने गर्दछ । यस अवस्थामा मन्दिर आवतजावत गर्ने एक मात्र यही मार्ग रहेकोले सडक निर्माण कार्य जतिसक्दो चाडो सम्पन्न गराउनेतर्फ स्थानीयहरुको माग समेत रहेको छ ।



अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी

## अन्तर्राष्ट्रिय समाचार

### तालिबानद्वारा महिलालाई सार्वजनिक रुपमा बोल्न र अनुहार देखाउन प्रतिबन्ध

**काबुल**/तालिबान सरकारको मन्त्रालयले महिलालाई सार्वजनिक रुपमा बोल्न र अनुहार देखाउन प्रतिबन्ध गर्ने नयाँ कानून लागु गरेको ग्लोबल न्यूजले जनाएको छ । यो कानुनले अफगानिस्तानमा महिलाको जीवन अझ सीमित गर्ने भएको छ ।

अफगानिस्तानमा तालिबानको कब्जापछि सन् २०२१ मा स्थापना भएको "सद्गुणको प्रचार र दुराचारको रोकथाम" मन्त्रालयले बुधबार नयाँ कानुन जारी गरेको हो ।

एक सय १४ पृष्ठको कानुनी दस्तावेजले अफगानिस्तानको सार्वजनिक जीवनका पक्षहरूलाई समेटेको छ ।

मन्त्रालयका प्रवक्ता मौलवी अब्दुल गफर फारूकले बिहीबार भन्नुभयो " हामी आश्वासन दिन्छौं कि यो इस्लामिक कानूनले सद्गुणको प्रवर्द्धन र दुराचार उन्मूलनमा ठूलो मद्दत गर्नेछ ।"

दस्तावेजको धारा १३ मा महिलाले सार्वजनिक रूपमा प्रस्तुत हुँदा कसरी लुगा लगाउनु पर्छ र कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुराको व्याख्या गरिएको छ ।

महिलाले आफू प्रलोभनमा नपर्न र अरूलाई प्रलोभनमा नपार्न सार्वजनिक रूपमा प्रस्तुत हुँदा अनुहारसहित आफ्नो सम्पूर्ण शरीर ढाक्न आवश्यक रहेको नयाँ कानुनले जनाएको छ । महिलाहरुले सामान्यतया लगाउने हिजाब जसले कपाल र घाँटी मात्र ढाक्छ अब नयँ कानुनअनुसार स्वीकार्य नभएको ग्लोबल न्यूजले जनाएको छ ।

महिलाको आवाज बढी 'लालाहित' हुने व्याख्या गर्दै नयाँ कानुनले अब महिलालाई सार्वजनिक रूपमा गाउन वा चर्को स्वरमा बोल्न निषेध गरेको छ ।

महिलालाई रगत वा विवाहद्वारा सम्बन्धित नभएका पुरुषलाई हेर्ने अनुमति नभएको व्याख्या नयाँ कानुनले गरेको छ ।

यी नियमहरू उल्लङ्घन गर्दा सजायस्वरुप सम्पत्ति जफत वा तीन दिनसम्म हिरासतमा राख्न सकिने चेतावनी दिइएको छ । मन्त्रालयले पहिले नै समान नैतिक मापदण्डहरू लागू गर्दै यसको उल्लङ्घनका लागि हजारौंलाई हिरासतमा लिएको छ ।

ह्युमन राइट्स वाचको महिला अधिकार विभागका सहयोगी निर्देशक हिथर बारले नयाँ नियमको टिप्पणी गर्दै भन्नुभयो "यी नियमहरू पहिले नै थिए तर औपचारिक थिएनन्, अब औपचारिक बनाइएको छ । मलाई लाग्छ यो हामीले विगत तीन वर्षदेखि देखिरहेका कुराको सङ्केत हो, दमनको क्रमिक वृद्धि हो ।"

तालिबानले अफगानिस्तान कब्जा गरेदेखि महिलाको स्वतन्त्रतामा कडा प्रतिबन्ध लगाउदै आएको छ । सन् २०२२ मा तालिबानले महिलाहरूलाई छैटौं कक्षाभन्दा माथि विद्यालय जानबाट प्रतिबन्ध लगाएको थियो ।

त्यसैगरी सन् २०२२ मा तालिबानले महिलालाई गैरसरकारी संस्था (एनजिओ)मा काम गर्न प्रतिबन्ध लगाएको थियो । ग्लोबल न्यूजसँग कुरा गर्ने एक महिलाले एनजिओमा जागिर गुमाएपछि आफ्नो परिवार गरिबीमा डुबेको बताउनुभएको छ ।

"म मेरो परिवारको आर्थिक भार बोक्ने एकमात्र आधार हुँ । हामी परिवारमा चार जना मात्रै छौं: म, मेरी बहिनी र मेरा आमाबाबु । मेरो बुबा अहिले बिरामी हुनुहुन्छ । हामीलाई बिहान बेलुका खान पनि समस्या छ", उहाँले भन्नुभयो ।

महिलामाथि लगाइएको नयाँ प्रतिबन्धका अतिरिक्त बुधबार पारित भएको कानुनले सङ्गीत बजाउन पनि निषेध गरेको छ । यसले पुरुषलाई दाह्री काट्न पनि निषेध गरेको छ । यस कानुनले चालकहरूलाई पुरुष अभिभावकबिना महिलालाई ओसारपसार गर्न निषेध गरेको छ ।

गत महिना संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनले मन्त्रालयले आफ्नो आदेश र कार्यान्वयन विधिमार्फत अफगानीबीच डर र धम्कीको वातावरणलाई बढावा दिइरहेको सङ्केत गरेको थियो । तालिबानले संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनलाई अस्वीकार गरेको छ । एजेन्सी

### जर्मनीमा आयोजित महोत्सवमा छुरा आक्रमण तीन जनाको मृत्यु, चार घाइते

**जर्मनी**/पश्चिमी जर्मनीको सोलिनजेन सहरमा शुक्रबार आयोजित एक उत्सवमा छुरा आक्रमण हुँदा तीन जनाको मृत्यु हुनुका साथै चार जना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ ।

प्रहरीले संदिग्ध आक्रमणकारीको खोजी जारी राखेको बताए पनि "अहिलेसम्म आतङ्ककारीबारे कुनै विस्तृत विवरण प्राप्त भएको छैन । प्रहरीले फोटो र भिडियोसहित अनलाईन पोर्टलमार्फत शुक्रबार राति भएको आक्रमण के कति कारणले भएको हो, सो बारे अनुसन्धान गरिरहेको छ", डुसेलडोर्फ सहरका एक प्रहरी प्रवक्ताले बताउनुभयो ।

आक्रमण लगत्तै विशेष प्रहरी बलको टोली हेलिकप्टरसहित घटनास्थलमा पुगेको थियो । आक्रमणकारीले "मानिसलाई अन्धाधुन्ध छुरा प्रहार गरेको" बिल्ड दैनिकले जनाएको छ । सोलिनजेन सहरको ६५०औं बार्षिकोत्सबका अबसरमा आयोजित महोत्सबमा सो आक्रमण भएको हो ।

सोलिनजेनका मेयर टिम-ओलिभर कुर्जबाचले घटनाबाट सम्पूर्ण सहर स्तब्ध भएको बताउनुभयो । "हामी सबै मिलेर सहरको बार्षिकोत्सब मनाउन चाहन्थ्यौं तर अहिले अप्रिय घटनाभयो, यस घटनामा मृत्यु हुनेप्रति शोक व्यक्त गरिरहेका छौं", कुर्जबाचले भन्नुभयो । कुर्जबाचले घटनास्थलमा गरेको कामको लागि आपतकालीन सेवालाई धन्यबाद दिनुभयो र आक्रमणको प्रत्यक्षदर्शीप्रति सहानुभूति प्रकट गर्नुभएको छ । एजेन्सी

# क्रिकेटमा महिला सहभागीता बढाउने प्रयास



**राजविराज**/क्रिकेट खेलमा महिला सहभागीता बढाउन प्रयास थालिएको छ। लैङ्गिक विभेदलाई चिर्दै उक्त खेलको विकासका लागि शनिवार राजविराजमा एक कार्यक्रमको आयोजना गरिएको छ।

"समानताका लागि क्रिकेट बाउण्ड्रिज" अन्तर्गत सबल नेपाल नामक संस्थाद्वारा यस्तो कार्यक्रमको आयोजना गरिएको हो।

कार्यक्रममा जिल्लाका ८ विद्यालयका छात्राहरुका साथै शिक्षक, शिक्षिका, क्रिकेट संघका पदाधिकारी, प्रशिक्षक, एमसीसि फाण्डेशनकी प्रशिक्षक एवं आईसीसीका सदस्य लगायत सहभागी भए।

क्रिकेट खेलमा लैङ्गिक र स्वास्थ्य असमानता हटाई महिलाहरुलाई उत्प्रेरित गर्ने उद्देश्यले यस्तो कार्यक्रमको आयोजना गरिएको सबल नेपालका सिनियर म्यानेजर अशोक साहले बताए।

कार्यक्रममा सहभागीहरुलाई आईसीसीका सदस्य सारा बेग, क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठ, सचिव चन्दन यादव, प्रशिक्षक धर्मेन्द्र चौधरी, राहुल सिंह र सरस्वती चौधरी लगायतले प्रशिक्षक दिएका छन्।

कार्यक्रममा क्रिकेट खेलमा लैङ्गिक स्वास्थ्य असमानताका साथै आधारभुत क्रिकेटको ज्ञान, सिप, शारिरीक व्यायाम लगायत विषयमा समेत प्रशिक्षण दिने काम भएको क्रिकेट संघका उपाध्यक्ष निरज सिंहले जानकारी दिए।

सप्तरीमा विद्यालय स्तरबाटै विशेष गरी महिलाहरुलाई क्रिकेट प्रति आकर्षण बढाउन सबल नेपाल र क्रिकेट संघ सप्तरीको संयोजन तथा नेपाल क्रिकेट फाउण्डेशनको सहयोगमा जिल्लाको राजविराज नगरपालिका, सुरुङ्गा नगरपालिका, खडक नगरपालिका र सिरहाको लहान नगरपालिकामा विगत ९ महिनादेखि बृहत निःशुल्क क्रिकेट प्रशिक्षण मेगा क्याम्प संचालनमा छ।

# जयमाला मृत्यु प्रकरणमा पक्राउ परेका साह कारागार चलान

**राजविराज**/एक महिलाको सवारी दुर्घट्नमा मृत्यु प्रकरणमा पक्राउ परेका एक युवकलाई अदालतले पुर्पक्षका लागि बिहीवार कारागार चलान गरेको छ।

सप्तरीको कंचनरूप नगरपालिकामा झण्डै तीन महिनाअघि वडा नं. ८ की ५७ वर्षीया जयमाला गुप्ताको गत जेठ ९ गते सवारीका ठक्करले मृत्यु भएको थियो।

सप्तरी जिल्ला अदालतका जिल्ला न्यायाधीश संजिव पोखरेलको ईजलाशले सोही नगरपालिका वडा नं. ८ का पप्पु भनिने संजिव साहलाई पुर्वपक्षका लागि कारागार चलान गरेको हो। अदालतले साहलाई थुनामा



राखेर अनुसन्धान अघि बढाउन आदेश दिएको छ।

इलाका प्रहरी कार्यालय कञ्चनपुरले साहलाई गत साउन २१ गते पक्राउ गरेर अनुसन्धान सुरु गरेको थियो। ठक्करले गम्भीर घाइते भएकी उनको विराटनगरमा उपचारका क्रममा ज्यान गएको थियो। यद्यपी ठक्कर दिने मोटरसाइकलको पहिचान भने हुन सकेको थिएन्।

प्रहरीको लामो अनुसन्धानपछि साह पक्राउ परेका थिए। जेठ ९ गते राति साढे ८ बजे महायज्ञ स्थलबाट घर आउने क्रममा तत्काल नम्बर खुल्न नसकेको मोटरसाइकलले कञ्चनपुर-फतेपुर सडक खण्डमा ठक्कर दिँदा उनी गम्भीर घाइते भएकी थिइन्। ठक्करबाट 'सिभियर ब्रेन इन्जुरी' भई अस्पताल भर्ना गरिएकी जयमालाको उपचारका क्रममा गत १५ जेठमा विराटनगरमा मृत्यु भएको थियो।

दुर्घटना भएको लामो समयसम्म प्रहरीले दोषीलाई पक्राउ गर्न नसकेको भन्दै मृतकका छोरा डा. तुलाकृष्ण गुप्ताले पत्रकार सम्मेलनमार्फत गुनासो पोख्दै आएका थिए।

# १३ सदस्यीय रग्बी संघ सप्तरी गठन

**राजविराज**/बालक दास चौधरीलाई अध्यक्षको जिम्मेवारी दिदै शनिवार सप्तरीको शम्भुनाथ नगरपालिकाको कठौनामा आयोजित जिल्ला भेलाले १३ सदस्यीय रग्बी संघ सप्तरी गठन गरेको छ।

आधुनिक खेलको रुपमा मानिएको रग्बी खेलको विकासका लागि पहिलो पटक जिल्लामा रग्बी संघ गठन गरिएको हो।

मधेश प्रदेश रग्बी संघका संयोजक रंजित साहको अध्यक्षतामा आयोजित जिल्ला भेलाद्वारा नव गठित संघको उपाध्यक्ष नाग भुषण पासवान, सचिव दिक्षा चौधरी, सह सचिव अरविन्द कुमार सरदार र कोषाध्यक्षमा रबिन्द्र चौधरी सर्वसम्मत ढंगले चयन भएका छन्।

संघको सदस्यमा जय प्रकाश चौधरी, निर चौधरी, अशोक चौधरी, चन्दन कुमार चौधरी, अशोक राई, देव नारायण चौधरी, विनय कान्त चौधरी र अञ्जली चौधरी छन्।

यस्तै प्रदेश प्रनिनिधिमा दिक्षा चौधरीको चयन गरिएको संघले जनाएको छ। नव गठित संघका अध्यक्ष चौधरीले रग्बी खेलको विकासका लागि जिल्लाभर विभिन्न कार्यक्रम गर्ने योजना पहिलो बैठकबाटै निर्णय गरी सार्वजनिक गर्ने बताए।

भेलामा शम्भुनाथ नगरपालिकाकी कार्यबाहक नगर प्रमुख अनिता कुमारी चौधरी, जिल्ला खेलकुद विकास समिति सप्तरीका कार्यालय प्रमुख दिनेश भुजेल, प्रशिक्षक सिताराम चौधरी लगायतले शुभकामना दिदै नवगठित समितिले जिल्लामा रग्बी खेलको विकासका लागि विभिन्न कार्ययोजना बनाएर अघि बढ्ने विश्वास व्यक्त गरे।

# शर्तसहित 'टिकटक' खोल्न दिने निर्णय

**काठमाडौँ**/नेपाल सरकारले शर्तसहित सामाजिक सञ्जाल 'टिकटक' खोल्न दिने निर्णय गरेको छ।

नेपाल सरकार-मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले सो निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिएका छन्।

सबै सामाजिक सञ्जाललाई समान व्यवहार गर्न र आवश्यक नियम, कानुन बनाउन गत साउन २४ गते सञ्चारमन्त्री, सचिव र नेपाल दूरसञ्चार प्राधिकरणका अधिकारीको छलफलमा प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको निर्देशनका आधारमा सञ्चार मन्त्रालयले उक्त प्रस्ताव तयार गरेको थियो।

टिकटकको प्रयोग गरेर बिकृती बढाएको भनी टिप्पणी भएपछि तत्कालीन सरकारले गत कत्तिक २७ गते टिकटिकमाथि प्रतिबन्ध लगाएको थियो।



अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं।

अनुरोधकर्ता : बलान बिहुल गाउँपालिका, सप्तरी

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*